# पशुपन्छी खोप तथा परजीवी विरुद्धको औषधि वितरण कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०

**स्वीकृत मिति : २०८०/०५/१८ गते**

**पृष्ठभूमि :**

चौतारा साँगाचोकगढी नगरपालिका भित्र कृषकहरुले पालन गरेका पशुपंन्छीहरुलाई विभिन्न रोगवाट बचाउन र परजीवीबाट उत्पादनमा हुने ह्रास घटाउने उद्धेश्यले नगर भित्र पालन गरिएका पशुपन्छीहरुलाई खोप तथा परजीवी विरुद्धको औषधि वितरण कार्यक्रम संचालन गर्न यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक :

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"खोप तथा परजिवि विरुद्धको औषधि वितरण कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि चौतारा साँगाचोकगढी नगरपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) **"नगरपालिका"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्भन्नु पर्नेछ ।

ख) **"शाखा"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका पशु सेवा शाखा सम्भन्नु पर्नेछ ।

ग) **"खोप"** भन्नाले पशुपन्छीहरुलाई रोग लाग्नु भन्दा अगाडी नै रोग विरुद्ध लगाईने खोप सम्भन्नु पर्नेछ ।

घ) **"परजीवी"** भन्नाले पशु पन्छीमा लाग्ने परजीवी सम्भन्नु पर्नेछ ।

३. **उद्देश्यहरु :**

क) किसानहरुले पालन गरेको पशुधन क्षति हुनबाट बचाउन ।

ख) पशुहरुमा रोगब्याधीबाट मृत्यु भई किसानहरुमा हुने निराशापन हुन नदिन ।

ग) पशुपन्छीमा परजीवीबाट उत्पादनमा ह्रास आउन नदिन ।

घ) नगरपालिकामा पशुपालन गर्न प्रोत्साहन गरी उत्पादन वृद्धि गर्ने ।

ङ) पशु वीमा कार्यक्रमलाई सहजीकरण गर्न ।

४. **कार्यक्रम संचालन हुने स्थान र पशुपन्छीहरु :**

क) चौतारा साँगाचोकगढी नगरपालिका भित्र पालिएका सम्पुर्ण पशुपन्छीहरु

५. **कार्यक्रमको अवधि**

यो कार्यकमको अवधि १ बर्षको हुनेछ र आवश्यकता अनुसार विस्तार गर्दै लैजान सकिनेछ ।

## ६. कार्यक्रम संचालन प्रकृया :

क) खोप तथा परजीवी विरुद्धको औषधि वितरणको लागि सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।

ख) खोप तथा परजीवीको औषधि आवश्यक पर्ने कृषकले निवेदन र नागरिकता प्रमाण-पत्रको प्रतिलिपि साथ आफूसँग भएको पशुपन्छीको विवरण टिपाउनु पर्नेछ ।

ग) कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने प्रशासनिक खर्च, व्यवस्थापन खर्च लगायत औषधि उपकरण, भ्याक्शीन खर्च वापतको रकम नगरपालिकाले व्यहोर्ने छ ।

घ) कृषकको गोठ/खोरमा गई पशुपन्छीलाई खोप तथा परजीवीको औषधि वितरणको लागि आवश्यक जनशक्ति नगरपालिकाले व्यवस्था गर्नेछ ।

ङ) कार्यक्रम संचालनको लागि परिचालन हुने जनशक्तिको लागि निम्नानुसारको पारिश्रमिक नगरपालिकाबाट उपलब्ध गराईने छ :

**(१) खोप लगाए वापत प्रति पशु :-**

| | |
|---|---|
| ठुलो पशु (गाई/गोरु/भैसी/रांगो/पाडापाडी/बाच्छाबाच्छी/वंगुर/सुंगुर) | रु. ४०।- |
| सानो पशु (भेडा/वाखा/खसी/वोका) | रु. १०।- |
| पन्छी (कुखुरा/हांस/बट्टाई) | रु. १।- |
| **(२) परजीवी विरुद्ध औषधि वितरणको लागि प्रति पशु** | **रु. २।-** |

## ७. अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्थाः

यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन नगरपालिकाले आवश्यकता अनुसार गर्नेछ ।

## ८. थपघट वा हेरफेर गर्न सक्ने

(१) यो कार्यविधिको कार्यान्वयन थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्याविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्याविधि कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।